# ताङतिङमा इन्टरनेट आगमनको कथा

**अर्जुन पन्थी**

यो लेख नेपालको केही अर्थमा विशिष्ट र केही मानेमा सामान्य गाउँ (ताङतिङ) मा एउटा नयाँ प्रविधि (इन्टरनेट) को आगमनको कथा हो । ताङतिङ नेपालका धेरै पहाडी गाउँभन्दा पृथक छैन । अलि खोंचमा र पहाडको टाकुरो नजिक बसेको र सबभन्दा नजिकको शहरबाट केही समय अघिसम्म पाँच-सात घण्टा मज्जैले पैदल यात्रा नगरी नपुगिने गाउँ हो यो । यस्ता गाउँ नेपालमा सयौँ छन् । नेपालका मध्य र पूर्वी पहाडका कतिपय गाउँजस्तै खास गरी गोर्खा सैनिक पृष्ठभूमिका कारण बाहिरी विश्वसँग अलि पहिलेदेखि नै यो गाउँको प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध-सेतु छ । त्यस्तो ऐतिहासिक विशिष्ट सम्पर्कले गर्दा यो गाउँका बासिन्दाको गतिशिलता/चलायमानता (मोबिलिटी) बढ्यो । र, यो घुलमिल तथा सम्पर्कले केही हदसम्म ताङतिङको या गाउँबासीको सामाजिक तथा आर्थिक पूँजी सिर्जना हुनपुग्यो । जब सँघारमा नयाँ प्रविधिले कदम राख्यो तब प्रविधि अँगाल्नका लागि ताङतिङेलीलाई उत्सुक, जागरुक र सक्षमसमेत तुल्यायो । फलतः इन्टरनेट नामक नयाँ प्रविधि विभिन्न प्रक्रिया र विभिन्न अभियन्ता (व्यक्ति, संस्था या व्यापारिक कम्पनी) को काँध चढेर ताङतिङ गाउँमा भित्रियो ।

ताङतिङमा इन्टरनेटको आगमनको कथा भन्दै गर्दा यो लेखले सँगै सो प्रविधिले ताङतिङमा भित्रिन किन र कसरी विभिन्न एजेन्सीको काँध चढ्नु पर्‍यो भन्ने बताउँछ । खास गरी सार्वजनिक लगानी भएका भनिएका निकायको अकर्मण्यता र अरुचिले गर्दा गाउँमा नयाँ, निजी व्यवसायले कसरी आफ्ना फणा फैलाउँछन्, बजार सिर्जना गर्छन्, व्यवसाय बढाउँछन् भन्ने यो लेखले देखाउँछ । निजी व्यवसायीको आगमनका लागि गाउँ स्वयंले लगानी गर्नुपर्ने र महँगो सेवा लिनुपर्ने हुँदो रहेछ । र, प्रविधि महँगो हुँदा त्यसको प्रयोग समाजका सीमित सदस्यकहाँ पुग्छ; समाजमा अन्तर्निहित विषमताको खाडललाई त्यसले झनै गहिर्‍याउने सम्भावना रहन्छ । यो लेखले त्यतातर्फ पनि संकेत गर्छ ।

ताङतिङमा इन्टरनेटलाई भित्र्याउन प्रयास गर्ने व्यक्ति वा संस्थाको अनुभव र तिनका कागजातलाई लेख तयार गर्ने क्रममा प्रयोग गरिएको छ । खास गरी स्थानीय स्कूल र त्यहाँ कार्यरत केही शिक्षकसँग गरिएका कुराकानी इन्टरनेटको पहुँचको सन्दर्भमा महत्त्वपूर्ण स्रोत हुन् । अध्ययन क्रममा पोखरामा रहेका विभिन्न इन्टरनेट सेवा प्रदायक संस्था, जसले ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँचको लागि काम गरिरहेका छन्, सँग पनि कुराकानी गरिएको

*समाज अध्ययन* ११ : २५–४०, २०७३

थियो । नामार्जुङ गाविसअन्तर्गत पर्ने ताङतिङका पाँच ओटै वडामा २०७१ पुस र माघ महिनामा गरिएको घरधुरी सर्वेक्षण तथ्यांकले यहाँ प्रयुक्त अन्य तथ्यका अतिरिक्त त्यहाँको बसाइँसराइको प्रवृत्ति र बाह्यविश्वसँगको सम्बन्ध देखाएको छ ।

यो लेख मूलतः दुई भागमा बाँडिएको छ । लेखको पहिलो खण्डमा ताङतिङ गाउँको सामाजिक, भौगोलिक, ऐतिहासिक जानकारी दिइएको छ । गोर्खा भर्ती तथा बसाइँसराइसँग जोडिएको र पर्यटकीय गन्तब्यसमेत भएकाले यो गाउँले इन्टरनेटजस्तो प्रविधिसँग नाता गाँस्न हुटहुटी देखाएको यस खण्डले बताउँछ । दोस्रो खण्डमा ताङतिङमा इन्टरनेटको आगमन र त्यसको आरोह-अवरोह तथा निरन्तरताका लागि भएका विभिन्न प्रयास केलाइएको छ । र, इन्टरनेटको पहुँचमा सरकारी पक्ष उदासीन हुँदा त्यसले कसरी निजी क्षेत्रका सीमित खेलाडीलाई प्रतिस्पर्धाहीन रूपमा खेल्ने मैदान उपलब्ध गराउँछ भन्ने देखाइएको छ । निजी क्षेत्रलाई एकछत्र मैदान छाड्दा त्यसले समाजमा अन्तर्निहित विषमता र वञ्चितीकरणको जुन समस्या छ त्यसलाई थप गहिरो बनाउनेतर्फ संकेत गरिएको छ । लेखको अन्तमा छोटो निष्कर्ष छ ।

## ताङतिङको ऐतिहासिक, सामाजिक पृष्ठभूमि

कास्की जिल्लाका १,३०० भन्दा केही बढी गाउँबस्ती मध्येको एक र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को दक्षिणमा पर्ने उच्च पहाडी गाउँ हो ताङतिङ (हेर्नुहोस् नक्सा १) । जिल्ला सदरमुकाम पोखराबाट २७ किलोमिटर उत्तरपूर्वमा अलि "अप्ठ्यारो भू संरचना" (गुरुङ २०७१) भएको यस गाउँमा नामार्जुङ गाउँ विकास समितिका पाँच ओटा वडा समेटिन्छन् । नेपालका केही पहाडी जनजाति बहुल गाउँ जस्तै गोर्खा सैनिक "उमार्ने" थलो भएकाले बाहिरी विश्वसँग ताङतिङको सम्बन्ध ऐतिहासिक रूपले बनेको छ, कुनै न कुनै प्रकारले । पहिलो महायुद्ध (वि.सं. १९७१–१९७६) मा भाग लिएदेखि नै ताङतिङका युवाहरू "गोठालो देखि गुर्खाज" (गुरुङ २०७१) बनेका हुन् । खास गरी पहाडी भू-भागको यात्रा (ट्रेकिङ) गर्न चाहनेले नेपालका विभिन्न स्थान जस्तै पोखरा वरपरका गाउँहरू घुम्ने गरेकाले स्वदेशी-विदेशी पर्यटक पनि ताङतिङ पुग्ने गरेका छन् र त्यसले समेत ताङतिङलाई अन्यत्र विश्वसँग जोडेको छ ।

ताङतिङ मूलतः गुरुङहरूको बस्ती हो । यद्यपि, करिब २० प्रतिशत दलित र सानो संख्यामा क्षत्रीहरू पनि यो गाउँमा बसोबास गर्छन् । ताङतिङेलीहरूको जीविकोपार्जनको मुख्य स्रोत कृषि हो । खेतीकिसानीपछि वैदेशिक रोजगारी – गोर्खा सैनिकको रूपमा तथा पछिल्लो कालखण्डमा "नयाँ लाहुरे" (सेडन, अधिकारी र गुरुङ सन् २०११) को रूपमा – बाट हुने आम्दानीले उनीहरूको जीविका चलिरहेको देखिन्छ । यसले उनीहरूलाई बाहिरी अर्थतन्त्रसँग निर्भर तुल्याएको छ । गोर्खा सैनिकसँग जोडिएको इतिहासले ताङतिङलाई

बाहिरी संसारसँग परिचय मात्र दिलाएन यो एउटा प्रमुख सामाजिक पूँजी बन्न पुग्यो । र, सँगसँगै विदेशको रोजगारीबाट प्राप्त आयले आन्तरिक तर स्थायी बसाइँसराइलाई प्रवर्धन गऱ्यो । वि.सं. २००० को दशकदेखि नै ताङतिङेलीले नजिकको शहर खास गरी पोखराको पूर्वोत्तर भेगका माटेपानी/बाँझापाटन वरपर घरबास जोडेको देखिन्छ । यसरी वैदेशिक रोजगारी (प्रारम्भमा गोर्खा सैनिकको रूपमा र पछिल्लो कालखण्डमा अन्य रोजगारीबाट) मार्फत जुन धनसम्पत्ति सीमित गाउँलेहरूको हातमा पऱ्यो त्यसले अन्य गाउँलेमा "जीवन पूर्ण हुन एकपटक विदेश जानैपर्छ" भन्ने मान्यता स्थापित गऱ्यो ।[1]




*नक्सा १ः ताङतिङको अवस्थिति ।*

त्यसैले, गाउँका प्रायः घरका कुनै न कुनै सदस्य कमाउनका लागि विदेश आउनेजाने गर्छन् । पछिल्लो गणनामा पनि कृषिपछि वैदेशिक रोजगार र पेन्सन ताङतिङका बासिन्दाको

[1] गुमानधोज  गुरुङसँग १२ पुस २०७१ मा गरिएको कुराकानी ।

मुख्य आम्दानीको स्रोत देखिएको छ ।[२] यसले बसाइँसराइ गर्नेको संख्या पनि व्यापक हुँदैगएको देखिन्छ । पुस २०७१ मा गरिएको एक सर्वेक्षणले ताङतिङेलीको पोखरामा कम्तिमा १४५, काठमाडौँमा ११ र बेलायतमा ४० घरपरिवार भएको देखायो ।[३] गाउँका जम्मा २०५ घरमध्ये अध्ययन अवधिमा ४० घर खाली थिए । यसरी पुख्र्यौली थातथलो ताङतिङ भएकाहरूको संख्या अब गाउँमा भन्दा अन्यत्र नै धेरै भएको देखिन्छ । सर्वेक्षणबाट प्राप्त केही आधारभूत तथ्यांक विवरण तालिका १ मा दिइएको छ ।

तर ताङतिङको एउटै थातथलोबाट समयक्रममा विभिन्न कामविशेषले बाहिरिएका गाउँलेहरूले पुख्र्यौली गाउँसँग सम्बन्ध तोडेका छैनन्; बरु त्यसले एक हिसाबमा आपसी सामाजिक सम्बन्ध जोड्न मद्दत गरेको छ । र, गाउँको विकास-निर्माण र अन्य कार्यमा गाउँबाट बाहिरिएकाहरूको योगदान उल्लेख्य छ ।

ताङतिङबाट पोखरा बसाइँ सरेकाहरूले २०४२ सालमा दूधपोखरी तमु समाज स्थापना गरे । २०६१ सालमा गोर्खा पूर्व सैनिकले बेलायतमा बसोबासको लागि अनुमति पाएपछि ताङतिङ पुख्र्यौली घर हुने पूर्वगोर्खा सैनिकहरू उल्लेख्य संख्यामा (४० घरपरिवार) बेलायत पुगे । तर बेलायतमा पनि उनीहरू चुप बसेनन् र १४ साउन २०६३ मा ताङतिङ समाज बेलायत गठन गरे ।[४] साथै उनीहरूकै सक्रियतामा आफूहरू बसोबास गरिरहेका उत्तरी बेलायतमा पर्ने देवदेन, देवदेन ग्रीन र वीमविश टाउनसँग ताङतिङको २०६४ सालमा मितेरी साइनो गाँसिन पुग्यो ।[५] यसबाट बेलायतमा हुने राजनीति सँगसँगै सामाजिक, आर्थिक, सांस्कृतिक आदानप्रदान पनि सम्भव भयो ।

गाउँको विकास निम्ति नेपाली राज्यको यथेष्ट ध्यान नपुगेको परिप्रेक्ष्यमा त्यसका लागि गैरसरकारी प्रयत्नहरू भैरहेको देखिन्छ । ताङतिङको सन्दर्भमा पनि सोही कुरा भन्न सकिन्छ । ताङतिङका स्थानीय वासिन्दा र त्यहाँबाट बसोबास सरेकाहरूको सक्रियतामा ताङतिङमा राष्ट्रिय या अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (एनजिओ/आइएनजिओ) हरूको भूमिका बढेको पाइन्छ (गुरुङ, गुरुङ र ओह सन् २०१०, २०११; गुरुङ र अरूहरू सन् २०११) र तिनीहरू विभिन्न स्थानीय क्रियाकलापमा सक्रिय देखिन्छन् ।

[२] पुस २०७१ मा मार्टिन चौतारीद्वारा गरिएको घरधुरी सर्वेक्षणमा ७६ प्रतिशत उत्तरदाताले कृषि, ५९ प्रतिशतले वैदेशिक रोजगार र २१ प्रतिशतले पेन्सनलाई आफ्नो आम्दानीको मुख्य स्रोत भएको बताएका थिए ।

[३] घरधुरी सर्वेक्षण र सो गाउँका प्रकाश गुरुङ, डिल्लीजंग गुरुङ र बेलायत बस्ने जीत गुरुङसँग वैशाख २०७२ मा गरिएको कुराकानी ।

[४] जीत गुरुङसँग ११ जेठ २०७३ मा गरिएको कुराकानी ।

[५] मितेरी साइनोबारे क्रोम्बी (सन् २००७), टिटिटिए (सन् २००९), कासे (सन् २०१०ए; सन् २०१०बी), तमु (२०६७) हेर्नुहोस् ।

**तालिका १ : ताङतिङको घरधुरी विवरण**

| घरधुरी | १६५ (गाउँ भित्र) | १८५ (गाउँ बाहिर) |
|---|---|---|
| जनसंख्या | ७६७ (गाउँ भित्र) | ३७९ (महिला)<br>३८८ (पुरुष) |
| जातिगत उपस्थिति | गुरुङ | ६५९ |
| | कामी | ६३ |
| | दमाईं | २६ |
| | सार्की | ९ |
| | क्षत्री | १० |
| वैवाहिक स्थिति | विवाहित | ३३७ |
| | अविवाहित | ३७४ |
| | सम्बन्ध विच्छेद | ११ |
| | विधवा/विधुर | ४५ |
| शिक्षा | एकभन्दा मुनी | ३८ |
| | एकदेखि दश कक्षासम्म | ४०७ |
| | एसएलसी | ६३ |
| | आइए वा सो सरह | ३९ |
| | बीए | ७ |
| | एमए | २ |
| | साक्षर | ९४ |
| | निरक्षर | १०९ |
| | थाहा नभएको | ८ |
| गाउँमा बसोबास गर्ने (७६७ जनसंख्यामध्ये) | परिवारसँगै रहेका | ५४० |
| | देशभित्र तर अन्य ठाउँमा (खास गरी पोखरामा) | १३० |
| | देशबाहिर रहेका | ९७ |

*स्रोत : घरधुरी सर्वेक्षण (मार्टिन चौतारी, पुस २०७१) ।*

गाउँको यस्तो गतिशीलता वा पृष्ठभूमिले ताङतिङको अन्यत्र विश्वसँग सम्बन्धसेतु गाँस्न सहज बनाउने प्रविधि (फोन, इन्टरनेट, आदि) जब नेपाली समाजमा उपलब्ध हुन थाले ती सेवा उपभोग गर्न ताङतिङवासी पनि आकर्षित हुन थाले । यो प्रविधिले आफ्ना निजी र सामाजिक सम्बन्धहरूलाई अझ नजिक्याउने उनीहरूले देखे । फलतः ताङतिङमा नयाँ प्रविधि, इन्टरनेट, भित्र्याउन उनीहरू लागि परे; मोबाइल फोन र त्यसअघि भीस्याट प्रविधिको फोनमार्फत बोली साटासाट गर्ने प्रविधि गाउँमा यसअघि नै भित्रिसकेको थियो ।

इन्टरनेट प्रविधिले बिजुली चिठी (इमेल) आदानप्रदान तथा अन्य सफ्टवेयर या सेवामार्फत अन्यत्र विश्वसँगको उनीहरूको सम्बन्ध थप विस्तारित हुँदै गयो ।

तर माथि भनिसकिए झैँ, ताङतिङ गुरुङबहुल गाउँ त हो तर विषमतामुक्त गाउँ होइन । नेपालका धेरै अन्य गाउँ झैँ यहाँका वासिन्दाको पनि असमान सामाजिक, आर्थिक हैसियत छ । दलित र गैरदलितबीचको खाडल ठूलै छ । महिला र पुरुषबीचको विषमता उस्तै छ । २०७१ सालमा गरिएको एक सर्वेक्षण अनुसार यो गाउँमा मोबाइल भएका महिला ९० प्रतिशत, मोबाइल भएका पुरुष ७९ प्रतिशत थिए तर इन्टरनेट चलाउन मिल्ने मोबाइल भएका महिला ५० प्रतिशत र इन्टरनेट चलाउन मिल्ने मोबाइल भएका पुरुष ६१ प्रतिशत थिए । यसले पुरुषभन्दा धेरै महिलासँग फोन भए पनि इन्टरनेट चलाउने मोबाइल फोन भएकामा पुरुषहरू नै धेरै रहेको देखाउँछ । जातिगत हिसाबले केलाउँदा मोबाइलमा इन्टरनेट चलाउनेमा गुरुङहरू नै अधिक थिए । सर्वेक्षणमा ६२ प्रतिशत गुरुङले मोबाइल फोनमा इन्टरनेट चलाएको बताए जबकि दलितहरूमध्ये आठ प्रतिशतले मात्र मोबाइलमा इन्टरनेट चलाएका थिए । अर्थात ९२ प्रतिशत दलितहरू मोबाइलमा इन्टरनेट चलाउँदैनथे ।

सामाजिक सम्बन्ध, सामाजिक संरचना, उमेर, आर्थिक अवस्था, शिक्षा, जात, आदिले इन्टरनेटको प्रयोगमा अन्तर पारेको देखिन्छ । दलित समुदायको कमजोर आय र तुलनात्मक रूपमा खुम्चिएको (बाह्य) सामाजिक सम्बन्धले पनि दलित र गैरदलित समुदायको प्रतिपरिवार मोबाइल खर्चमा झण्डै तीन गुणा अन्तर देखिएको छ । यसले इन्टरनेटको पहुँच र प्रयोग निश्चित व्यक्ति वा समुदायमा केन्द्रित तुल्याएको छ । उमेरका हिसाबले युवा, लैंगिक हिसाबले पुरुष, व्यवसायका हिसाबले पठित र शिक्षित, जातीय हिसाबले केलाउँदा गैरदलित (अर्थात् गुरुङ) को इन्टरनेटमा बढी पहुँच छ । र, दुःखको कुरा, इन्टरनेटमा यस्तो विषम पहुँचले गर्दा ताङतिङको ग्रामीण समाजमा अन्तर्निहित विषमता थप बढ्न सक्ने सम्भावना देखिन्छ ।

## ताङतिङमा इन्टरनेट प्रविधिको आगमनको आरोह-अवरोह

नेपालका उच्च पहाडी जिल्लामा निजी प्रयासमा वायरलेस प्रविधिबाट इन्टरनेट भित्र्याएर चर्चामा आएका व्यक्ति महावीर पुन हुन् । पोखरादेखि इन्टरनेटको सिग्नल तानेर पुनले पहिलो पटक उनको आफ्नो गाउँ म्याग्दी जिल्लाको नांगीलाई प्रविधिको दुनियाँसित परिचित गराएका थिए (घिमिरे २०६८) । उनको यो कामले मिडियामा निकै चर्चा पायो र नांगीपछि अन्य गाउँमा त्यहाँको प्रयोगलाई पुनरावृत्ति गर्ने पुनको योजना रह्यो । जसलाई उनले एक हदसम्म कार्यान्वयन गरे । कास्की, म्याग्दी जिल्लाका ग्रामीण इलाकामा पहिलो पटक इन्टरनेटको सञ्जाल पुर्‍याएको श्रेय पुनलाई दिइन्छ ।

सोही क्रममा पोखराका उत्तरपूर्वी गुरुङबहुल गाउँहरू सिक्लेस-ताङतिङ क्षेत्रमा पनि इन्टरनेट भित्र्याउने योजना बुनियो । र, पुनले नांगीमा इन्टरनेट पुऱ्याउन उपयोग गरेकै प्रविधिबाट २०६६ सालमा ती गाउँको पनि इन्टरनेटसम्म पहुँच पुग्यो । ताङतिङमा हिमालय मिलन माध्यमिक विद्यालय (मावि) को प्रांगणमा पहिले इन्टरनेट पुगेको थियो । छिमेकी सिक्लेस गाउँमा भने अन्नपूर्ण क्षेत्र संरक्षण परियोजना (एक्याप) को स्थानीय कार्यालय र ग्रामीण सूचना केन्द्रले पुनको परियोजना अन्तर्गतको ताररहित उपकरण राखेका थिए जसबाट इन्टरनेटमा पहुँच पुग्थ्यो ।[६] इन्टरनेटमा पहुँच पुऱ्याउने संयन्त्र गाउँमा आउने भएपछि ती स्थानमा विभिन्न व्यक्ति तथा संस्थाको सहयोगमा कम्प्युटर खरिद गरियो । स्थानीय केही व्यक्तिलाई कम्प्युटर र हार्डवेयरसम्बन्धी तालिमसमेत दिइयो । ताङतिङको हकमा पोखराबाट दक्ष जनशक्ति ल्याएर हिमालय मिलन माविमा स्कूलका शिक्षक तथा केही स्थानीयलाई पनि तालिम दिइएको थियो । रोजगारीको क्रममा या बसाइँ सरेर विदेशिएका आफन्तसँग इन्टरनेटमार्फत कुरा गर्नु (अडियो/भिडियो फोन गर्नु) स्थानीयको प्राथमिक उद्देश्य थियो । जसका आफन्तजन या साथीभाइ विदेशमा थिएनन् उनीहरूका लागि भने यो प्रविधिको उपादेयता प्रारम्भिक दिनमा थिएन । तर गाउँमा इन्टरनेट भित्र्याउन गरिएको तामझामले गाउँलेहरूमा उत्सुकता, कौतुहलता जगाएको थियो ।

महावीर पुनले जुटाएका प्राविधिकको सहयोगमा ताङतिङको हिमालय मिलन माविमा सूक्ष्म तरंग समात्ने डिस एन्टेना (छाता) जडान गरियो । कास्कीका सराङकोट तथा कालिकामा रहेका रिपिटर टावरसँग त्यो छाताको सम्बन्ध जोडिएको थियो ।[७] करिब २८ हजारको लागतमा यो प्रविधि जडान गरिएको थियो ।[८] प्रारम्भका केही दिन इन्टरनेटमा राम्रै पहुँच पुगे पनि त्यो धेरै दिन चलेन । केही समय चल्ने अनि धेरै समय नचल्ने र कहिले चल्ने हो त्यसको ठेगान नहुनाले शुरूआती उत्साह मऱ्यो ।[९] ताङतिङमा करिब एक वर्ष र सिक्लेसमा डेढ वर्षसम्म यो प्रविधिलाई उपयोग गर्न सकिन्छ कि भनेर स्थानीयले प्रतीक्षा गरे । तर न ताङतिङमा इन्टरनेट चल्यो न सिक्लेसमा सूचना केन्द्र नै । फगत कम्प्युटर र अन्य तत्सम्बन्धित सामग्रीको पोखरामा व्यापार बढ्यो ।

[६] स्थानीय युवा क्लब (युवा सम्मिलित समूह) र सिक्लेस विकास सरोकार समिति (गाउँ भित्र र बाहिर रहेका प्रौढ सम्मिलित समूह) को छलफलपश्चात २०६७ सालमा यसको स्थापना गरिएको थियो ।

[७] एक्यापका प्रणय सिंह राणासँग २९ पुस २०७१ गरिएको कुराकानी ।

[८] सिक्लेस युवा क्लबका तत्कालीन अध्यक्ष कीर्तिमान गुरुङसँग १ माघ २०७१ मा गरिएको कुराकानी ।

[९] हिमालय मिलन माविका शिक्षक जसबहादुर गुरुङ र एक्यापका लेखापाल प्रणयसिंह राणासँग पुस र माघ २०७१ मा गरिएको कुराकानी ।

महावीर पुनको प्रोत्साहनमा जुन ताङतिङ-सिक्लेस क्षेत्रमा इन्टरनेट प्रविधि पुगेको थियो, सो २०६९/२०७० सालतिरबाट पूरै विस्थापित भयो। एक्यापका प्रणय सिंह राणाका अनुसार पुनले इन्टरनेटमा पहुँच पुऱ्याउन सम्भव छ भनेर प्राविधिक रूपमा देखाइदिए तर मर्मतसम्भार तथा अन्य प्राविधिक समस्या समाधान गर्ने व्यवस्था गरिदिएनन् जसले गर्दा सो सेवा उपयोगी हुन सकेन। एक पटक सम्बन्ध गाँसिदिएर मात्र सधैँभरि इन्टरनेटसँग पहुँच पुग्दैन भन्ने यसले प्रस्ट देखाउँछ। इन्टरनेटको एकपटकको पहुँचपश्चात् त्यसमा भविष्यमा आउने प्राविधिक समस्यालाई हल गर्नका लागि संयन्त्र तयार गरिएन।[१०] विदेशी पैसाको सहयोगमा शुरू भएका यस्तो कार्यक्रममा सहयोग बन्द हुनेवित्तिकै निरन्तरता र अपनत्व बाँकी बँचेन।[११]

इन्टरनेट लैजान, जोड्न र चलाउनका लागि पुनले दातृ संस्थाहरूको सहयोग खोजेका थिए। तर आफूले जोडेको प्रविधिले स्थानीयलाई कसरी सेवा निरन्तर प्रदान गरिरहन्छ भन्नेबारे पुनले शुरू गरेको परियोजनाले ध्यान दिएको पाइएन। यो परियोजनाले गाउँमा इन्टरनेट सेवा पुऱ्याउन स्थानीय इन्टरनेट सर्भिस प्रोभाइडर (आइएसपी) को मद्दत लिएको नभै "ठूला" आइएसपीलाई पक्डेका थिए जो "जोड्ने र छाड्ने" तरिकाले गाउँ उक्लेका थिए। त्यसैले गाउँमा प्राविधिक समस्या आउँदा सल्टाउने कोही भएन र गाउँलेले राम्ररी इन्टरनेट सेवा उपभोग गर्न पाएनन्।[१२] डाँडा-डाँडामा गरेको ठूलो लगानी त्यसै खेर गयो, प्रविधिको प्रतिस्थापन गर्नुपुऱ्यो। परियोजनाले पोखरा क्षेत्रमा केन्द्रित "साना" आइएसपीसँग समन्वय गरेको भए सम्भवतः प्रविधिको पहुँचले निरन्तरता पाउँथ्यो तर त्यसो गरिएको थिएन।

ताङतिङमा इन्टरनेट सेवा पुऱ्याउने पहिलो प्रयास खासै सफल नभएपछि दोस्रो प्रयासको रूपमा २०६७ सालमा नेपाल टेलिकमको "एनटी सेटेलाइट" को इन्टरनेट सेवा हिमालय मिलन माविमा ल्याइयो। स्कूलका शिक्षकको प्रयासबाट यो काम भएको थियो। त्यो बेला स्कूल बन्द भएपछिको समयमा स्कूलका शिक्षकलगायत स्थानीय व्यक्तिलाई कम्प्युटरसम्बन्धी तालिम दिइएको थियो। एक शिक्षकले कम्प्युटर, इन्टरनेट, इत्यादिबारे तालिम लिएका र उनले धेरै शिक्षकको इमेल तथा फेसबुक "आइडी" खोलिदिएका थिए। साँझ चार बजेपछि स्काइपबाट भिडियो फोन गर्न आफन्त विदेश भएका गाउँले स्कूल आउँथे। उनीहरू शिक्षकका स्काइप आइडीबाट आफन्तसँग कुरा गर्थे। शिक्षक इन्द्रमान गुरुङकाअनुसार जापानमा बस्ने ताङतिङका एक व्यक्तिले कुनै एक वेबसाइटको "युजर नेम" र "पासवर्ड" पठाइदिएपछि इन्टरनेट जोडिएको स्कूलको कम्प्युटरबाट सन् २०१०

[१०] प्रणय सिंह राणासँग ४ माघ २०७१ मा गरिएको कुराकानी।

[११] पोखराका एक आइएसपी सञ्चालकसँग माघ २०७१ मा गरिएको कुराकानी।

[१२] पोखराका एक आइएसपी सञ्चालकसँग माघ २०७१ मा गरिएको कुराकानी।

को विश्वकप फुटबलसमेत हेरिएको थियो ।[१३] ताङतिङमा इन्टरनेटको यो नयाँ किसिमको प्रयोग-अनुभव थियो । यद्यपि, यो अनुभव स्कूलसँग मात्र जोडिएको थियो ।

नेपाल टेलिकमबाट लिइएको यो सेवामार्फत ताङतिङमा २०६७–२०६८ सालको बीचमा करिब एक वर्षसम्म पहिलेको भन्दा केही राम्रोसँग इन्टरनेट चल्यो । तर २०६८ सालमा पुनः यो सेवा पनि बन्द भयो । बन्द भएको धेरै समयसम्म पोखरा रानीपौवास्थित टेलिकमको अफिसमा मर्मतको लागि ताकेता गर्दासमेत कोही कर्मचारी ताङतिङ उकालिएनन् । इन्टरनेट सेवाचाहिँ उपयोग गर्न नपाउने तर मासिक रूपमा रकम भने तिर्नुपर्ने भएकाले बक्यौता रकम बढ्दैजाँदा टेलिकमको इन्टरनेट सेवा ताङतिङवासीलाई "घाँडो" भयो ।[१४] न इन्टरनेट चल्यो, न मर्मत गर्न कोही आए, न प्रविधि फिर्ता लगियो । अन्ततः इन्टरनेट नचलाए पनि बक्यौता रकम तिरेर सो प्रविधिलाई नेपाल टेलिकममै बुझाइयो । नेपाल टेलिकमको पोखरा शाखामा बुझ्दा चार लाख पर्ने प्रविधि ४० हजारमा जडान गरेको र नेपाल टेलिकमको "जीएसएम" सेवा पुगेपछि त्यसलाई निकालिएको बताइयो । तर प्रविधि उपयोग नगरेको समयको समेत रकम तिर्नुपरेको सम्बन्धमा अनविज्ञता व्यक्त गरियो ।[१५] तुलनात्मक रूपमा लामो समय चलाउन पाए पनि एनटी सेटेलाईटको प्रयोगमा समेत अघिल्लो पटककै जस्तो समस्या दोहोरियो; इन्टरनेटको पहुँचमा पुनः अवरोध आयो ।

### *विकल्प बन्न नसकेको मोबाइल इन्टरनेट*

प्रारम्भिक दिनमा कुराकानी या आवाज साटफेर मात्रैका लागि उपयोग हुने मोबाइल फोन अन्यत्र विश्वमा डेटा ट्रान्सफरका लागि समेत उपयोग हुन थालेपछि नेपालमा पनि सो सेवा विस्तारै उपलब्ध हुन थाल्यो । पछिल्लो समय "स्मार्ट फोन" मा भएको विकासले गर्दा मोबाइल इन्टरनेटको प्रयोगमा व्यापक विस्तार हुँदैछ । ताङतिङको छिमेकी गाउँ सिक्लेसमा २०६६ सालमा नेपाल टेलिकमको टावर स्थापना भएपछि ताङतिङ पनि मोबाइल फोनको माध्यमबाट बाँकी विश्वसँग जोडियो । २०७०/२०७१ सालतिरबाट मोबाइलमा इन्टरनेट सेवा पनि शुरू भयो । तर नेपाल टेलिकमको सेवा भरपर्दो रहेन । दुई दिन नेटवर्क आउने दुई दिन नआउने भयो । नेटवर्कको समस्या मंसिर २०७३ सम्म यथावतै थियो । महत्त्वपूर्ण कामको लागि इन्टरनेट चलाउनुपरे स्थानीय शिक्षक ल्यापटप बोकेर कि पोखरा झर्ने, कि त टावरको खोजीमा नजिकैका थुम्का, डाँडाहरूमा जान थाले ।

[१३] गुरुङसँग २७ पुस २०७१ मा गरिएको कुराकानी ।

[१४] हिमालय मिलन माविका सहायक प्रधानाध्यापक डिल्लीजंग गुरुङसँग पुस २०७१ मा गरिएको कुराकानी ।

[१५] शाखाका प्रबन्धक अनन्तमान सिंहसँग ७ माघ २०७१ मा गरिएको कुराकानी ।

निजी मोबाइल सेवा प्रदायक एनसेलले २०६९ सालमा सिक्लेसमा रिपिटर टावर जडान गऱ्यो । यसबाट एनसेलका उपभोक्तालाई नेटवर्कको समस्या भएन । तर एनसेलको सेवा निकै महँगो भएको गुनासो बाँकी नै रह्यो । एनसेलले मोबाइलमा आधारित इन्टरनेटका विभिन्न योजना (प्याकेज) ल्याए पनि बहुसंख्या इन्टरनेट प्रयोगमा सहभागी हुन सकेनन् । सेवा महँगो हुँदा मोबाइल इन्टरनेट प्रयोगमा सीमितता हुने नै भयो । अध्ययन अवधिमा गाउँका घरधुरीमध्ये मोबाइल बाहेकको इन्टरनेटको लागि डेटाकार्ड प्रयोग गर्ने एकमात्र उपभोक्ता हिमालय मिलन माविका सहायक प्रधानाध्यापक (सप्रअ) थिए ।[१६] तोकिएको डोंगल या डेटा कार्डबाट मात्र नभै मोबाइल फोनमार्फत डेटा प्रयोग गरी इन्टरनेट चलाउने सुविधा एनसेलले उपलब्ध गराउन थालेपछि इन्टरनेट प्रयोगकर्ताले एनटीसीको सीम छाडेर महँगो पर्ने भए पनि एनसेलको लिन थाले । स्थानीय एक पसलेले बताए अनुसार महिनामा ३० हजार बराबरको एनसेलको "रिचार्ज कार्ड" बिक्री हुँदा तीन हजारको एनटीसीको त्यस्तै कार्ड बिक्री हुन्थ्यो । र, यो प्रायः फोन गर्नमा खर्च हुन्थ्यो ।[१७]

प्राविधिक समस्या आउँदा एनसेलले तुरुन्तै मर्मतका लागि तदारुकता देखाई पोखराबाट आफ्ना प्राविधिक पठाउँथ्यो । नेपाल टेलिकमको चाहिँ पटकपटक गुनासो गर्दा पनि मर्मत गर्न पटक्कै आउँदैनथ्यो । यसले गर्दा स्थानीयले, "एनसेलले एनटीसीलाई घुस खुवाएको" समेत भन्न थालेका थिए ।[१८] यस सम्बन्धमा एनटीसीको पोखरा शाखामा सम्पर्क गर्दा "टावरको ब्याट्री पुरानो भएकाले" त्यस्तो समस्या आएको उत्तर दिइएको थियो । "ब्याट्री परिवर्तन गर्न एनटीसीमा सरकारी प्रक्रिया पुऱ्याउनुपर्छ । अरू निजी सेवा प्रदायकको जस्तो तुरुन्त हुँदैन, यसैले ढिला हुन्छ," एनटीसीका प्रशासकको सजिलो उत्तर थियो ।[१९] एनटीसीका केन्द्रदेखि स्थानीय तहसम्मका कर्मचारीले एनसेलको तुलनामा एनटीसी ढिलो हुनुमा "नयाँ ब्याट्रीको लागि बोलपत्र आह्वान गर्नेजस्ता विभिन्न प्रक्रिया पार गर्नुपरेकाले हो, निजी क्षेत्रले त्यो प्रक्रिया पार नै गर्नुपर्दैन" भन्ने जवाफ दिन्थे । सिक्लेसस्थित टावरमा अब कहिलेदेखि नियमित नेटवर्क हुन्छ भनी सोध्दा १८० दिन लाग्ने एनटीसीका शाखा प्रमुख सिंहले बताएका थिए ।[२०] तर २०६९ देखि २०७१ सालसम्म एनटीसीको नेटवर्कमा

[१६] प्रधानाध्यापक अध्ययनको सिलसिलामा देशबाहिर रहेकाले सप्रअ निमित्त प्रधानाध्यापक थिए । उनले दिनभर स्कूलको काम सकेपछि बेलुका ७ बजेतिर इन्टरनेट खोलेर आधाघण्टा जति विदेशमा रहेका नेपाली तथा विदेशीहरूलाई इमेल गर्थे । यीमध्ये धेरै इमेल "आफ्नो गाउँ वा स्कूलको लागि सहयोग जुटाउन" हुन्थे ।

[१७] सिक्लेसका किराना व्यवसायी छक्क गुरुङसँग २ माघ २०७१ मा गरिएको कुराकानी ।

[१८] छक्क गुरुङसँग २ माघ २०७१ मा गरिएको कुराकानी ।

[१९] अनन्तमान सिंहसँग ४ माघ २०७१ मा गरिएको कुराकानी ।

[२०] अनन्तमान सिंहसँग ४ माघ २०७१ मा गरिएको कुराकानी ।

त्यस्तै समस्या आएको थियो तर त्यसलाई सुधार्न प्रशासनले ध्यान दिएको देखिएन जसको प्रत्यक्ष फाइदा एनसेललाई पुग्यो । सार्वजनिक लगानीमा रहेको एनटीसीको सेवा प्रभावकारी नहुँदा निजी क्षेत्रको सेवा प्रदायक संस्था एनसेलको प्रवर्धन भएको र महँगो सेवा उपभोक्ताले लिनुपरेको यसले देखाउँछ ।

### *"ग्रामीण" आइएसपीको सेवा*

पछिल्लो समय ताङतिङमा वाइफाईमार्फत इन्टरनेट सेवा पुगेको छ । गोरेटो नेटवर्क प्रालिले पोखराकै कुनै एक आइएसपीको ब्याण्डवीथ प्रयोग गरी सिक्लेसमा असार २०६९ देखि र ताङतिङमा २०७२ सालदेखि इन्टरनेट सेवा दिइरहेको छ । एक्यापका कर्मचारीको पोखरास्थित घरमा सेवा दिइरहेको आइएसपीसँगको सम्बन्धले सोही आइएसपी यी क्षेत्रमा आएको हो । पोखरा क्षेत्रमा काम गरिरहेको आइएसपीका प्रबन्ध निर्देशकले "म त सिक्लेस-ताङतिङ जान सक्दिन, बरु एकजना व्यक्तिलाई भेटाइदिन्छु" भनी गोरेटो नेटवर्क प्रालिका प्रेम दुरालाई भेटाइदिए ।[२१] दुराले उक्त आइएसपीबाट ब्याण्डवीथ लिएर एक्यापको सिक्लेसस्थित कार्यालयमा सेवा दिएका छन् । दुरा पेशाका हिसाबले पोखरामा कम्प्युटर सफ्टवेयर व्यवसाय सञ्चालन गरी बसेका युवा हुन् । अर्काको ब्याण्डवीथ लिएर सेवा दिनु चुनौतीपूर्ण थियो । दुरा भन्छन्, "व्यवसायमा यस्तो काम मेरो मुर्खता थियो, किनभने यो एकदमै कम फाइदा लिएर दुर्गममा गर्ने काम थियो । शुरूमा मसँग लाइसेन्स पनि थिएन । के-कसरी लाइसेन्स लिने भन्ने पनि जानकारी थिएन । न आफ्नो ब्याण्डवीथ थियो, न आइएसपीमा काम गरेको अनुभव । भारतबाट पढेर नेपाल आइ कम्प्युटरको हार्डवेयर र सफ्टवेयरको व्यवसाय गरेको अनुभवमात्र थियो ।"[२२] दुराले ठूला आइएसपीको रुचि नभएका ठाउँमा जसोतसो काम गरे, र यस्तै कामको अनुभवबाट उनले २०७३ सालमा गोरेटोलाई ग्रामीण आइएसपीको रूपमा दर्ता गराए ।

छिमेकी गाउँ सिक्लेसमा कार्यालय रहेको एक्यापका प्रणय सिंह राणाका अनुसार एक्यापले इन्टरनेट सेवाका लागि प्रतिमहिना पाँच हजार रुपैयाँ तिरिरहेको छ । यो मूलतः कार्यालय प्रयोजनको लागि मात्र हो । गाउँका अन्य तीन ठाउँमा (दुई ओटा होटल र एकजना व्यक्तिकहाँ) गोरेटो नेटवर्कले इन्टरनेट सेवा दिइरहेको छ । सोही संस्थाले २०७२ सालदेखि ताङतिङमा पनि सेवा दिइरहेको हो । राणाका अनुसार केही बिग्रेभत्केमा तुरुन्त भन्न पाइने र खर्च दिएर ल्याउनसक्ने भएकाले इन्टरनेटको प्रयोग पनि नियमित भइरहेको छ । गोरेटोका प्रेम दुराका अनुसार इन्टरनेट जडान गर्ने बेलामा नै जडान पछिको सेवासम्बन्धी आपसी समझदारी गरिन्छ, जसअनुसार सामान्य सेवा फोनबाट दिइने र "असामान्य" सेवा

[२१] एक्यापका प्रणय सिंह राणासँग २ माघ २०७१ मा गरिएको कुराकानी ।

[२२] दुरासँग ५ माघ २०७१ मा गरिएको कुराकानी ।

(तत्स्थानमा पुगेर समस्या समाधान गर्नुपर्ने) दिनुपरेमा त्यसका लागि उपभोक्ताले खर्च (कर्मचारीको आतेजाते लगायत) बेहोर्नुपर्छ ।[२३] यसले उपभोक्तामाथि खर्च थोपरे तापनि एक हिसाबले सेवाको निरन्तरता सुनिश्चित गरेको छ । तर यसको अर्को महत्त्वपूर्ण पक्ष भनेको एक्याप जस्ता संस्था, होटल र खास व्यक्तिहरूकहाँ मात्र इन्टरनेट पुग्न सकेको छ र गाउँको ठूलो हिस्सा फाइबर इन्टरनेटको पहुँचभन्दा बाहिरै रहेको छ ।

गोरेटोको "सफलता" पछि यी क्षेत्रमा पोखराका अन्य इन्टरनेट सेवा प्रदायक पनि आकर्षित भएका छन् । पूर्वाधारमा स्थानीयको लगानी (निजी या सार्वजनिक) हुने हो र सेवा क्रयको सुनिश्चितता हुने हो भने इन्टरनेट सेवा पुऱ्याउन उनीहरू तयार देखिन्छन् । अर्थात् नाफाको सुनिश्चितता, लागत बेहोर्ने क्षमता, र जनसंख्या आदि तथ्यलाई उनीहरूले ध्यान दिएको पाइन्छ । सिक्लेसमा फाइबरबाट इन्टरनेट पुऱ्याउने अजय तामाङले भने :

> "हामी विनानाफा जाँदैनौँ । पहिलो, यो [सिक्लेस] पर्यटकीय क्षेत्र हो । दोस्रो, जनसंख्या । पर्यटकीय क्षेत्र भएकाले खास गरी सिक्लेसको जनसंख्या बसाइँ सर्दैन । यसैले भविष्यमा पनि त्यहाँ काम गर्न सकिन्छ भन्ने हाम्रो अनुमान हो । तेस्रो, स्थानीय लगानीकर्ता भेटिएकाले पनि यो क्षेत्रमा केवल टीभी र फाइबर इन्टरनेटको प्रयास गरिएको हो ।"[२४]

तामाङका अनुसार यो क्षेत्रमा इन्टरनेट र केवल टीभी पुऱ्याउन १३ लाखको तार र अन्य उपकरणसहित २० लाख रुपैयाँको लगानी गरिएको छ । र, त्यहाँ इन्टरनेट सेवा जोड्दा प्रतिघरमा आठदेखि २० हजारसम्म लाग्ने तथा १५६ केबीपीएस (एडीएसएल जतिकै क्षमता भएको इन्टरनेट सेवा) गतिको इन्टरनेटलाई मासिक १,०७० रुपैयाँ शुल्क तिर्नुपर्ने तामाङले बताए ।[२५] ठूलो प्रारम्भिक लगानी, नियमित मासिक खर्च र आकस्मिक खर्चसमेत बहन गर्नुपर्ने कारणले गर्दा ताङतिङ लगायतका सीमित गाउँमा इन्टरनेटको विस्तार त भएको छ तर त्यसको चरित्र विशिष्ट छ । गाउँका सीमित वर्गको पहुँचमा मात्र इन्टरनेट पुगेको छ ।

## *"ग्रामीण" संज्ञा भित्रको राजनीति*

अध्ययन अवधिमा पोखरामा स्थानीय र राष्ट्रिय गरी १३ ओटा आइएसपीले ग्राहकलाई सेवा बेचिरहेका थिए । त्यसबाहेक केबल कम्पनी, तार तानेर लैजाने "सलुसन कम्पनी" जस्ता कम्पनी पनि सक्रिय थिए । यिनले पोखराबाहेक वरपरका क्षेत्रमा इन्टरनेट सेवा पुऱ्याइरहेका छन् । नाफा हुनसक्ने क्षेत्र छ अथवा तत्स्थानीय संघसंस्थाले मासिक रूपमा रकम तिर्न

[२३] दुरासँग ५ साउन २०७३ मा गरिएको कुराकानी ।
[२४] तामाङसँग ६ माघ २०७१ मा गरिएको कुराकानी ।
[२५] तामाङसँग ६ माघ २०७१ मा गरिएको कुराकानी ।

सक्नेजस्तो देखिएमा पोखरास्थित आइएसपी आफैले तार वा बेतार प्रविधि पुऱ्याएको पाइन्छ । तर जनसंख्या निरन्तर पोखरातिर स्थायी बसाइँ सरिरहेको (अक्सर यसरी बसाइँ सरेकाहरू समाजका हुनेखाने वर्गकाहरू भएका) र तत्काल नाफा नदेखिने ताङतिङ जस्तो क्षेत्र भएमा त्यहाँ स्थानीयले आधारभूत पूर्वाधारमा लगानी गरेको खण्डमा मात्रै पोखराका आइएसपीले सेवा विस्तार गर्ने देखिन्छ । ताङतिङलगायतका कतिपय ग्रामीण क्षेत्रमा यही प्रक्रियाअनुसार फाइबर अप्टिकल केबलमार्फत इन्टरनेट सेवा पुऱ्याइएको छ । जनसंख्या कम भएका र दुर्गम क्षेत्रमा पुगेका केही निजी कम्पनीले कहीँ पनि पूर्णतः आफ्नै लगानी लगाएका छैनन् । इन्टरनेटको आवश्यकता देखेका स्थानीय व्यक्ति, संघसंस्थाले पोखरामा काम गरिरहेका मध्ये केही ग्रामीण आइएसपीलाई प्रयोग गरी इन्टरनेट जोड्ने प्रयास गरेका छन् । मूलतः इन्टरनेट माग गरेको ठाउँबाट स्थानीय लगानीकर्ता खोजेर साझेदारी गरिएको छ ।

शहरी र ग्रामीण क्षेत्रमा इन्टरनेट सेवा प्रदान गर्ने आधारमा ग्रामीण र शहरी आइएसपी भनेर छुट्ट्याइएको छ, यद्यपि ग्रामीण आइएसपीको प्रस्ट परिभाषा, काम र कर्तव्य उल्लेख गरिएको पाइँदैन । ग्रामीण भनिने आइएसपीलाई पनि शहरी आइएसपीमा परिणत गर्न प्राधिकरण चाहन्छ । त्यसैले ग्रामीण आइएसपीको लाइसेन्स खोज्नेलाई प्राधिकरण "अब पनि ग्रामीण आइएसपीको लाइसेन्स लिने, शहरीकै लिनुस् न" भन्छ ।[२६] ग्रामीणको लाइसेन्स दस्तुर सस्तो छ, जम्मा १०० रुपैयाँ । शहरी आइएसपीको लाइसेन्सका लागि तीन लाख दस्तुर बुझाउनुपर्छ ।

तर शहर र गाउँको दूरी मेटिँदै छ । अथवा चैतन्य मिश्र (२०६८ : ५८) ले भनेझैँ शहर कहाँ अन्त्य हुन्छ र कहाँ गाउँ शुरू हुन्छ भन्न नसकिने भैसक्यो । पहिलेकै अवस्थामा पनि नगरपालिका या शहर या सदरमुकामसँग जोडिएका गाउँ, लाइसेन्सका लागि योग्य ग्रामीण क्षेत्र मानिँदैनथे । त्यसमाथि अहिले नयाँ स्थानीय तहका जुन पुनर्संरचनाका विवरण बाहिर आइरहेका छन् त्यसले पुरानो ग्रामीण भनिने इलाकालाई सानो संख्यामा सीमित गरिदिन्छ । सरकारी नियमानुसार नगरपालिकासँग जोडिएका गाउँमा ग्रामीण आइएसपीले सेवा दिने होइन, दिएमा सो गैरकानुनी हुन्छ । तर साना र कथित ग्रामीण आइएसपीले ताङतिङ या सिक्लेस जस्ता गाउँमा सेवा दिइरहेकै छन् । र, सीमित संख्यामै सही, केही गाउँवासीले इन्टरनेटमा पहुँच पाएका छन् ।

## निष्कर्षतर्फ घोत्लिँदा

सत्सठ्ठी वर्षकी मंगली परियार ताङतिङकी हल्कारा हुन् । हुलाकी युगकी मंगली मोबाइल फोन बोक्दिनन् । महिनाको एक पटक आउने आफ्नो पालोमा चिठ्ठी विनाको "हुलाकी

[२६] एक ग्रामीण आइएसपीका सञ्चालकसँग ३ जेठ २०७३ मा गरिएको कुराकानी ।

थैलो" लिएर उनी सदरमुकाम पोखरा झर्छिन् । दूरीका कारण एकैदिनमा ओहोर-दोहोर गर्न कठिन भएकाले उनी कम्तीमा एक साँझ पोखरामा बास बस्छिन् । मंगली प्रायः बस्ने घर ताङतिङकै पुरानी बासिन्दा फुलमाया गुरुङको हो । अघिल्लो पटक हुलाकी थैलो पुऱ्याउन आउँदा फुलमायाले मंगलीलाई अर्कोपटक आउँदा गाउँबाट तरकारी र सिन्की ल्याइदिन भनेकी थिइन् ।[२७] पोखरा जाने बेला भयो, तरकारी त गाउँमै थियो तर सिन्की थिएन । पल्लो गाउँ याङ्जाकोटमा बिहे भएकी आफ्नी छोरीलाई मंगलीले सिन्कीको जोहो गर्न मौखिकै "सम्चार" पठाइन्, "पुसको आखिरीतिर मेरो पोखरा झर्ने पालो छ, जसरी भए नि एक पाथी सिन्की खोजीदिनू ।" मंगली प्रायः यस्तै खबरमा भर पर्छिन् ।

हुलाकी युगकी मंगली र उनकी छोरीले आधुनिक सञ्चारको साधन मोबाइल बोकेका छैनन् र पुरानै सञ्चार-सम्बन्धबाटै उनीहरूको धेरै काम चलेको छ । यद्यपि, यदाकदा उनीहरू समाचार आदानप्रदान गर्न आफ्ना छिमेकीको मोबाइल फोन पनि प्रयोग गर्छन् । ताङतिङ जस्ता गाउँमा र शहरमा पनि मोबाइल फोनजस्ता प्रविधिमा प्रत्यक्ष पहुँच नभएका भनेका मंगलीहरू नै हुन्, जसको बाह्य संसारसँग बलियो सामाजिक सम्बन्ध पनि छैन । मोबाइल फोनजस्तो अहिले आधारभूत र सहज बनिसकेको प्रविधिमा त विभिन्न कारणले समाजका सबै वर्गको पहुँच देख्न सकिन्न भने इन्टरनेटजस्तो थप जटिल र महँगो सेवामा पहुँच र उपयोग हुन कठिन छ । र, त्यस्तो प्रविधिले विद्यमान सामाजिक असमानताका खाडललाई झनै गहिऱ्याउने सम्भावना छ । यद्यपि यो "डिजिटल डिभाइड" तर्फ र त्यसका दूरगामी प्रभावतर्फ कमैको ध्यान पुगेको छ ।

त्यसबाहेक, खास गरी ताङतिङजस्तो केही ऐतिहासिक र सामाजिक वैशिष्ट्य बोकेको गाउँमा विभिन्न एजेन्सीको काँध चढेर इन्टरनेट भित्रिँदाका विभिन्न पाटा यो लेखले उत्खनन गरेको छ । खास गरी सरकारी या सार्वजनिक संस्था या निकायको अकर्मण्यताका कारण निजी, नाफामुखी सेवा प्रदायक संस्थालाई एकछत्र बजार उपलब्ध भएको यसले देखाउँछ । तर यो कथा ताङतिङमा इन्टरनेट आगमनको एकल या विशिष्ट कथा होइन । यस्तै कथा गाउँ-शहर यत्रतत्र छन् । उदाहरणका लागि, पानी, बिजुली, इन्धनजस्ता दैनिक आवश्यकताका वस्तुको उपलब्धतामा सरकारी अकर्मण्यताका कारण जार तथा ट्यांकरका पानीको उद्योग अथवा ब्याट्री, इन्भर्टर, आदिका व्यापार फस्टाएका छन् । त्यस्तै, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा "गुणस्तरीय" सेवाका नाउँमा सार्वजनिक सेवालाई ध्वस्त पारी निजीलाई पोसिएका छन् । र, माथि भनिए झैँ यस्तो प्रविधिले गाउँमा अन्तर्निहित विषमतालाई थप मलजल गर्ने सम्भावना पनि देखिएको छ । अर्कोतर्फ, ताङतिङजस्तो सामाजिक सम्बन्ध/पूँजी नभएका थुप्रै अन्य ग्रामीण क्षेत्रमा प्रविधि भित्र्याउन स्थानीय सक्रियता नहुन सक्ने भएकाले ती क्षेत्रमा इन्टरनेटजस्तो प्रविधिले सामान्य अवस्थामा पदार्पण गर्न कठिनै देखिन्छ ।

[२७] मंगली परियारसँग पुस २०७१ मा गरिएको कुराकानी ।

## धन्यवाद

ताङतिङ गाउँका उत्तरदाता सबैप्रति आभारी छु । विशेष गरी डिल्लीजंग (दीलिप) गुरुङ, गुमानधोज गुरुङ, दुधकाशी गुरुङप्रति विशेष धन्यवाद । लेखको मस्यौदा पढी रचनात्मक सुझाव तथा थप सूचना दिने ताङतिङकै जीत गुरुङ, ओमप्रकाश गुरुङ, एकाजंग गुरुङप्रति आभारी छु । यो लेखको मस्यौदा मार्टिन चौतारीको छैटौँ मिडिया अनुसन्धान सम्मेलन - २०१५ मा प्रस्तुत गरिएको थियो । सो सम्मेलनमा टिप्पणी गर्नुहुने सबैजना धन्यवादका पात्र हुनुहुन्छ । पटकपटक लेखको संरचनामा सुझाव दिने लोकरञ्जन पराजुली र योगेश राज, मस्यौदा पढी सुझाव दिने देवराज हुमागाईं, प्रत्यूष वन्त तथा शेखर पराजुली र हर्षमान महर्जन तथा कच्चा तथ्यांक प्रशोधन गर्ने चौतारीका शैलेशबहादुर पाण्डे र निश्चल रेग्मीलाई पनि धन्यवाद दिन चाहन्छु ।

## सन्दर्भ सामग्री

गुरुङ, रोशनी । २०७१ । ताङतिङ गाउँ । *सम्झनामा : बालासिंह गुरुङ* (स्मृति संग्रह) । पृ. १–५ । पोखरा : जुमप्रसाद गुरुङ र बुद्धिप्रसाद गुरुङ ।

घिमिरे, सफल । २०६८ । ग्रामीण जीविकामा सूचना-प्रविधिको प्रभाव : नांगी गाउँको अध्ययन । *मिडिया अध्ययन* ६ : १५–३९ ।

मिश्र, चैतन्य । २०६८ । नेपालमा जातीय उभार र संघीयकरणको सन्दर्भ । *विचार विशेष* २(५–६) : ४१–७१ ।

रौले, नरेन्द्र । २०६९ । ताङतिङका तारा । *साप्ताहिक,* १२ असोज, पृ. ४ ।

Casey, Matt. 2010a. TTTA Launch New Website. Available at: www.tangting.org/latest-news/latest-news/26-ttta-launch-new-website; accessed 6 April 2015.

Casey, Matt. 2010b. About the TTTA. Available at: www.tangting.org/home/about-the-ttta; accessed 6 April 2015.

Crombie, James. 2007. The Tangting Report. Available at: www.tangting.org/images/the%20 tanting%20report%202007.pdf; accessed 6 April 2015.

Gurung, Anup, Om Prakash Gurung, Sang-Eun Oh. 2010. Impact of Rural Out-Migration on Agriculture and Animal Husbandry: A Case Study from Trans-Himalayan Region, Nepal. *Journal of the Environment* 7(1): 7–18.

Gurung, Anup, Om Prakash Gurung, Sang-Eun Oh. 2011. The Potential of a Renewable Energy Technology for Rural Electrification in Nepal: A Case Study from Tangting. *Renewable Energy* 36: 3203–3210.

Gurung, Anup, Om Prakash Gurung, Rahul Karki and Rajesh Bista. 2011. Impact of Non-Governmental Organizations in the Rural Community Development: A

Case Study from the Trans-Himalayan Region of Nepal. *International Journal of Applied Sociology* 1(1): 1–7.

Seddon, David, Jagannath Adhikari and Ganesh Man Gurung. 2011. *The New Lahures: Foreign Employment and Remittance Economy of Nepal*. Kathmandu: Nepal Institute of Development Studies.

Tamu, Gau Bahadur. 2067 v.s. Tangting Twinning Association (TTTA): Diary of Event. In *Rajat Jayanti Smarika.* Pp.17–22. Pokhara: Dudh Pokhari Tamu Samaj.

The Tangting Twinning Association Constitution. 2009. Available at: www.tangting.org/component/content/article/6-contact-us/45-ttta-constitution; accessed 6 April 2015.

## लेखक परिचय

अर्जुन पन्थी मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । उनको सह-सम्पादनमा *नेपाली म्यागेजिनका २५ वर्ष* (२०७०) र सह-लेखनमा *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* (२०६७) प्रकाशित छन् । इमेल : panthijee@gmail.com